# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० अंक १६ काठमाडौं मंगलबार, २६ वैशाख २०८० Prabhab National Daily Tuesday, May 9, 2023 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


## प्रधानन्यायाधीशमा कार्की सर्वसम्मत सिफारिस


संवैधानिक परिषद्को बैठक


हरिकृष्ण कार्की

■ प्रभाव संवाददाता

**काठमाडौं-** सर्वोच्च अदालतको प्रधानन्यायाधीशमा हरिकृष्ण कार्की सर्वसम्मत सिफारिस भएका छन् । प्रधानमन्त्रीनिवास बालुवाटारमा सोमबार साँझ बसेको संवैधानिक परिषद्को बैठकले प्रधानन्यायाधीश नियुक्ति गर्नका लागि कार्कीको नाम सर्वसम्मत सिफारिस गरेको हो ।

२०७९ असोज १५ गते कायममुकायम प्रधानन्यायाधीशमा नियुक्त कार्कीले बल्ल प्रधानन्यायाधीश बन्ने 'ग्रिन सिग्नल' पाएका हुन् । यसअघि प्रधानन्यायाधीश बन्न कार्कीले निकै जोडबल गरेका थिए । यद्यपि, प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले नचाहँदा उनी प्रधानन्यायाधीशमा सिफारिस हुन सकेका थिएनन् ।

- प्रधानन्यायाधीशमा सिफारिस कार्कीले अब संसदीय सुनुवाइ समितिको सामना गर्नुपर्ने ।
- सर्वोच्च अदालतमा र उच्च अदालतमा रिक्त हुन लागेका पदहरूमा भागबण्डा मिलेपछि एमाले अध्यक्ष ओली आफ्नो अडानबाट 'ब्याक' हुँदा कार्कीलाई सहज

लामो रस्साकस्सीपछि प्रधानमन्त्री पुष्पकमल दाहालको पहलमा कार्की प्रधानन्यायाधीशमा सिफारिसमा परेका हुन् । प्रधानमन्त्री दाहालको अध्यक्षतामा बसेको बैठकमा सभामुख देवराज घिमिरे, राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङ, एमाले अध्यक्ष केपी शर्मा ओली र उपसभामुख इन्दिरा रानामगर सहभागी थिए ।

**यस्तो छ अबको प्रक्रिया**

प्रधानन्यायाधीशमा सिफारिस कार्कीले अब संसदीय सुनुवाइ समितिको सामना गर्नुपर्नेछ । समितिले कार्कीविरुद्ध उजुरीको आह्वान गर्नेछ । उजुरीपछि संसदीय समितिसामू कार्कीले जवाफ दिनुपर्ने प्रावधान रहेको छ । जवाफ चित्तबुझ्दो भएपछि समितिले कार्कीको नाम पारित गर्नेछ र राष्ट्रपतिले उनलाई नियुक्त गर्नेछ ।

यद्यपि, अहिले संसदीय सुनुवाइ समिति गठन भइसकेको छैन ।

नेपालको संविधानको धारा २९२ को उपधारा (१) मा 'संवैधानिक परिषद्को सिफारिसमा नियुक्त हुने प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य, संवैधानिक निकायको प्रमुख वा पदाधिकारी र राजदूतको पदमा नियुक्ति हुनुअघि संघीय कानुनबमोजिम संसदीय सुनुवाइ हुनेछ' भन्ने व्यवस्था गरिएको छ ।

संविधानको धारा २९२ को उपधारा (२) मा उपधारा (१) को प्रयोजनका लागि संघीय संसद्का दुबै सदनका सदस्यहरू रहनेगरी संघीय कानुन बमोजिम १५ सदस्यीय एक संयुक्त समिति गठन गरिने प्रावधान रहेको छ ।

यसमा प्रतिनिधिसभाबाट १२ जना र राष्ट्रिय सभाबाट तीनजना सांसद सुनुवाइ (**बाँकी पृष्ठ ३ मा**)

## संसद्मा 'अमर्यादित' जात्रा



- सभामुखले आकस्मिक समयमा बोल्न नदिँदा सांसद अमरेशकुमार सिंहले कपडा फुकाले
- भ्रष्टाचारसम्बन्धी उजुरी अख्तियारमा परेलगत्तै सिंहको अश्लील हर्कत
- २०५१ पछिको संसद्मा हालका राष्ट्रपतिमाथि हातपात
- ३ मंसिर २०६७ मा बजेटको ब्रिफकेस खोसाखोस
- २०७१ को माघमा ओली, भण्डारी र नेम्बाङलक्षित संसद्मै कुर्सी प्रहार
- गत वर्षको भदौ अन्तिममा एमाले सांसदहरू मर्यादापालकको टाउकाटाउकामा ।

■ जेबी योञ्जन

**काठमाडौं-** नीति निर्माण गर्ने थलो संघीय संसद्मा सांसदहरू घरिघरी अनेक ताण्डव देखाउँछन् । कहिले सरकार त कहिले सभामुखको विरोध गर्ने नाममा कतिपय सांसदहरू अश्लील, असभ्य र अमर्यादित व्यवहार प्रदर्शन गर्न गर्दछन् ।

जुन सोमबार पनि संसद्मा दोहोरियो । स्वतन्त्र सांसद डा. अमरेशकुमार सिंहले अश्लीलता र असभ्यता दुवै झल्किनेगरी संसद् बैठकको सुरुमै कपडा फुकालेर अर्धनग्नता प्रदर्शन गरे । कारण- सभामुख देवराज घिमिरेले आकस्मिक समयमा बोल्न नदिनु ।

उनले कपडा फुकालेर अर्धनग्नता प्रदर्शन गर्दा छेउमै रहेका जनमत पार्टीका सांसद डा. चन्द्रकान्त (सिके) राउत भने मुसुमुसु हाँसे । अन्य सांसदहरू भने मुखामुख गरे । यस्तो हर्कत देशको संसदीय इतिहासमा पहिलो हो । ठ्याक्कै यस्तै खालको विरोध शैली कुनै पनि सांसदले यसअघि अपनाएका थिएनन् ।

संसद्मा सांसद सिंहले भ्रष्टाचारबारे बोल्न आकस्मिक समय सभामुख घिमिरेसँग माग गरेका थिए । सभामुख घिमिरेले समय नदिँदा विरोधमा उनले स्टकोट, सर्ट र गञ्जी खोलेर विरोध जनाएका हुन् । लगत्तै सभामुख घिमिरले संसदीय मर्यादाको ख्याल गर्न चेतावनी दिए ।

प्रतिनिधिसभा नियमावलीको नियम २१ मा संसद्मा हुने छलफलमा भाग लिने सदस्यले पालन गर्नुपर्ने नियमसम्बन्धी व्यवस्था छ । जहाँ सभामुखको ध्यानाकर्षण गर्न उठ्नुपर्ने र सभामुखले निजको नाम बोलाएपछि वा इशारा गरेपछि मात्र बोल्नुपर्ने, सभामुखले पद अनुकूल आचरण गरेको छैन भन्ने प्रस्तावको छलफलको क्रममाबाहेक सभामुखको आचरणको आलोचना गर्न नहुने भनिएको छ ।

तर, सांसद सिंहले आकस्मिक समय नपाएको झोंकमा असन्तुष्ट हुँदै कपडा खोलेका हुन् । आइतबारमात्रै उनीविरुद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी परेको (**बाँकी पृष्ठ २ मा**)

सन्दर्भ : वैदेशिक रोजगार

## सिण्डिकेट लागू गरे प्रतिरोध गर्ने संघको चेतावनी

■ मोहनप्रसाद पन्त

**काठमाडौं-** वैदेशिक रोजगारीका लागि मलेसिया तथा खाडीका केही मुलुकमा कामदार पठाउन एकाधिकार (सिण्डिकेट) लागू गर्न खोजिएको भन्दै वैदेशिक रोजगार व्यवसायीहरूले विरोध जनाएका छन् । व्यवसायीको आवरणमा केही व्यक्तिहरू मलेसिया, साउदी अरब र युएईमा रोजगारमा कामदार पठाउनेसम्बन्धमा एकाधिकार लागू गराउन सक्रिय रहेको भन्दै व्यवसायीहरूले विरोध जनाएका हुन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले व्यवसायमा खडा गरिने जुनसुकै प्रकारका एकाधिकारका विरुद्धमा रहेको भन्दै निरन्तर प्रतिरोध गरिरहने जनाएको छ । अहिले व्यवसायीको आवरणमा केही व्यक्तिहरू मलेसिया र खाडीका मुलुकमा कामदार पठाउने सिलसिलामा एकाधिकार लागू गराउन उद्धत रहेको संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए । 'विभिन्न अनलाइन, सामाजिक सञ्जाल र समाचारमा आएका कुनै पनि नाम र आवरणमा गर्न लागिएको एकाधिकारप्रति संघको गम्भीर ध्यानाकर्षण भएको छ,' उनले भने । यस विषयमा संघले सोमबार एक विज्ञप्तिसमेत जारी गरिसकेको छ । संघले खुला, पारदर्शी र प्रतिस्पर्धात्मक व्यवसायमा विश्वास गर्ने जनाउँदै नेपाल सरकारबाट इजाजतपत्र प्राप्त सम्पूर्ण व्यवसायीहरूले स्वतन्त्ररूपमा व्यवसाय गर्न पाउनुपर्ने मान्यता




स्थापित गर्न माग गरेको छ । 'खुला प्रतिस्पर्धाबाट डराएकाहरू एकाधिकार लागू गर्न खोज्दै छन्,' भण्डारीले भने ।

एकाधिकारका लागि केही कम्पनीहरू गैरकानुनी कार्य गर्न लागिपरेको जानकारी प्राप्त भएको भन्दै संघले त्यस्ता कार्य गर्ने संस्थाहरूलाई कानुनी कारबाही गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालय र सम्बन्धित सबै निकायसँग माग गरेको छ । तर, संघले एकाधिकार लागू गर्ने पक्षमा रहेका व्यवसायीहरू को-को हुन् ? भन्ने खुलाएको छैन ।

**प्रधानमन्त्रीलाई ज्ञापनपत्र**

यसैबीच वैदेशिक रोजगारको क्षेत्रमा रहेका बेथिति तथा समस्या समाधानका लागि वैदेशिक रोजगार गणतान्त्रिक मञ्चले पनि प्रधानमन्त्री पुष्पकमल दाहालको ध्यानाकर्षण गराउँदै ज्ञापनपत्र बुझाएको छ । मञ्चले प्रधानमन्त्री दाहालका राजनीतिक सल्लाहकार हरिबोल गजुरेललाई ज्ञापनपत्र बुझाउँदै समस्या समाधान गरिदिन आग्रह गरेको छ ।

सरकारले सुरक्षित, मर्यादित तथा व्यवस्थित वैदेशिक रोजगार भन्दै आए पनि व्यवहारतः व्यवसायमा विभिन्न प्रकारका सिण्डिकेट कायमै रहेको मञ्चले जनाएको छ । मञ्चले हाल मलेसिया, साउदी अरेबियालगायतका देशमा कामदार पठाउन एकाधिकार कायम गर्ने 'नयाँ सिण्डिकेट' देखापर्न थालेकाले त्यसलाई हटाउन हस्तक्षेपकारी कदम चाल्न माग गरेको छ ।

मञ्चका अध्यक्ष धनलाल जैसीले सल्लाहकार गजुरेललाई ज्ञापनपत्र बुझाउँदै इजाजतपत्र नवीकरण गर्न वार्षिक १०० जना कामदार पठाउनुपर्ने प्रावधानले व्यवसायी समस्यामा पर्नुका साथै बेथिति सिर्जना गरेका कारण उक्त प्रावधान हटाउनुपर्ने बताए । मञ्चले व्यवसाय सञ्चालनमा विभेदयुक्त र बाध्यकारी कानुनी व्यवस्था रहेकाले वैदेशिक रोजगार ऐन संशोधनलाई टुंगोमा पुर्‍याउनुपर्ने जनाएको छ । यस्तै रोजगारीका लागि विदेशमा कामदार पठाउँदा लिइने १० हजार रूपैयाँ सेवा शुःल्क पुनरवलोकन गरी एक महिनाको तलब बराबर लिन पाउने व्यवस्था गर्न माग मञ्चले माग गरेको छ ।

## कम्बोडिया पठाइदिन्छु भन्दै ३१ लाख ठगी

**काठमाडौं (प्रस)-** वैदेशिक रोजगारीका लागि कम्बोडिया पठाइदिन्छु भन्दै ठगी गरेको आरोपमा एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा गोरखाको पृथ्वीनरायण नगरपालिका-१० स्थायी घर भई हाल काठमाडौं नयाँ बसपार्क बस्ने ३१ वर्षीया सुदीप लामा तामाङ रहेका छन् ।

तामाङलाई वैदेशिक रोजगारीका लागि कम्बोडिया जान प्रतिव्यक्ति १२ लाख रूपैयाँ लाग्ने भन्दै सोममाया तामाङसमेत गरी तीन जनाबाट पटक-पटक गरी ३१ लाख रूपैयाँ लिई ठगी गरेको अभियोगमा पक्राउ गरिएको प्रहरीले जनाएको छ । तामाङले कम्बोडियामा एक प्रतिष्ठित कम्पनीमा मासिक दुई लाख रूपैयाँभन्दा बढी तलब हुने कम्प्युटर अपरेटरको काममा लगाइदिने प्रलोभनमा पारी पीडितहरूसँग रकम संकलन गरी फरार रहेको अवस्थामा पक्राउ गरेको प्रहरीले उल्लेख गरेको छ ।

सोममायालगायतले रोजगारीका लागि कम्बोडिया पठाइदिने नाममा आफूहरू ठगीमा परेको भन्दै वैदेशिक रोजगार विभागमा दिएको उजुरीका आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरी टोलीले नयाँ बसपार्कबाटै पक्राउ गरेको जनाइएको छ ।

पीडितहरूबाट पटक-पटक गरी रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा विभागले उनलाई पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो । पक्राउ परेका तामाङलाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए । यसअघि रोजगारीका लागि कम्बोडिया नै पठाइदिने भन्दै रकम ठगी गरी सम्पर्कविहीन भएका चितवनका राजु श्रेष्ठलाई पनि प्रहरीले पक्राउ गरी विभागमा बुझाएको थियो ।




## संसद्मा...

पृष्ठ १ बाट जारी

थियो । त्यसबारे बोल्न सभामुखलाई आग्रह गरेको उनले बताएका छन् ।

'सभामुखलाई आग्रह गरें । आकस्मिक समयमा भ्रष्टाचारको विषयमा बोल्छु । दुई मिनेट पाउने हो त्यो समय पाऊँ । सभामुखलाई पहिल्यै भनेको थिएँ, समय नपाए म प्रोटेस्टको अन्तिम लेबलसम्म जान्छु । शब्दमै भनेको थिएँ कपडा खोल्छु,' कपडा खोलेपछि सामाजिक सञ्जालमा लेखेका छन् ।

संसदीय मर्यादाअनुसार संसद्मा अशिष्ट, अश्लील, अपमानजनक, आपत्तिजनक शब्द वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुनेगरी बोल्न र कुनै व्यक्ति, जाति, धर्म, भाषा वा लिंगलाई होच्याउने वा अरु कुनै किसिमले असर पर्ने गरी बोल्न र असंसदीय शब्द प्रयोग गर्न पाइँदैन । नियमावलीको यही व्यवस्था उल्लंघन गरेको भन्दै सभामुख घिमिरेले अन्यथा कारबाही हुने चेतावनी दिएका थिए ।

'तपाईंलाई म चेतावनी दिन चाहन्छु । तपाईं यो अशिष्ट व्यवहारबाट फर्केर आएर बस्नूस्,' घिमिरेले आक्रोशित हुँदै भने । त्यसपछि अमरेशले फुकालेका कपडा लगाए ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सांसद डा. धवलशमशेर जबराले भने दाहाल सरकार र अहिलेको राजनीतिक व्यवस्थाको नांगोपनलाई डा. सिंहले नांगिएर विरोध गर्नु ठीक भएको बताए । 'भर्खरै एक जना माननीय नांगिनुभयो । उहाँ नांगिनुको अर्थ अहिलेको सरकार भ्रष्टाचारले नांगिसकेको छ । व्यवस्था नांगिएको छ,' डा. जबराले संसद् बैठकमा भने ।

### संसद्मा फरक-फरक हर्कत

संसद्मा यस्तो हर्कत गर्ने डा. सिंहमात्रै होइनन्, थुप्रै छन् ।

गत वर्षको भदौ अन्तिम साता सरकारले प्रतिस्थापन विधेयकमार्फत बजेट ल्याउन लाग्दा एमाले सांसदहरू मर्यादापालकको टाउकाटाउकामा चढे । तत्कालीन सभामुख अग्निप्रसाद सापकोटाको टाउको फुटाउने अभिव्यक्ति उनीहरूले दिए ।

नेकपा सरकार हुँदा कांग्रेस सभापति शेरबहादुर देउवाले तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीलाई 'तँ' जस्तो शब्द संसद्मै प्रयोग गरे । जुन शब्द सभामुख कृष्णबहादुर महराले हटाउन निर्देशन दिनुपर्‍यो ।

त्यसअघि एमाले अध्यक्ष केपी शर्मा ओली पहिलोपटक प्रधानमन्त्री हुँदा ६ माघ २०७१ मा माओवादीबाट सिँचाइमन्त्री भएका उमेशकुमार यादवले कुर्सी उचालेर तोडफोड गरेका थिए । त्यसबेला संसद्मा ओली, विद्यादेवी भण्डारी र सभामुख सुवास नेम्बाङमाथि हातपातको प्रयाससमेत भएको थियो ।

त्यसअघि ३ मंसिर २०६७ मा तत्कालीन अर्थमन्त्री सुरेन्द्र पाण्डेले संसद्मा बजेट पेस गर्नेबारे विवाद भएको अवस्थाबीच माओवादी सांसदहरूले ब्रिफकेस खोसेर दुर्व्यहार गरेका थिए । त्यसबेला सांसदहरूबीच हात हालाहालको स्थिति नै सिर्जना भएको थियो ।

वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलले त सभामुख हुँदा एमालेका राष्ट्रियसभा सदस्य गोल्छे सार्कीको कुटाइ नै खानुपर्‍यो । पौडेलले त्यसबेला आफूलाई जिस्क्याएको सार्कीको भनाइ थियो । सहन नसकेर सभामुख पौडेलमाथि हातपात गरेको उनले भनेका थिए ।

# अव्यवस्थित तार हटाउन सुरु

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाभित्रका अव्यवस्थित तार सोमबारदेखि हटाउन सुरु गरिएको छ । नेपाल दूरसञ्चार प्राधिकरण, इन्टरनेट सेवा प्रदायक कम्पनीका प्रतिनिधि र महानगरपालिकाबीच आइतबार भएको छलफलमा सोमबरदेखि महानगर क्षेत्रका अव्यवस्थित तार हटाउन प्राधिकरण र इन्टरनेट सेवा प्रदायक कम्पनी सहमत भएपछि तार हटाउन सुरु गरिएको हो ।

महानगर बलका प्रहरी उपरीक्षक मनोज लामिछानेका अनुसार सोमबार बिहान ८ बजेदेखि माइतीघर मण्डल र न्युरोड क्षेत्रमा रहेका अव्यवस्थित तार हटाउन सुरु गरिएको छ । महानगरपालिकाले प्राधिकरण तथा इन्टरनेट सेवा प्रदायक कम्पनीलाई यही वैशाख २७ गतेभित्र अव्यवस्थित तार हटाउन आग्रह गरेको थियो । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले काठमाडौं महानगरसहित देशभरिका स्थानीय तहलाई सेवा अवरुद्ध हुनेगरी तार नहटाउन परिपत्र गरेको थियो ।

त्यसलगत्तै महानगरपालिकाले सम्बन्धित पक्षलाई बोलाएर तार हटाउने विषयमा छलफल गरेको हो । वैशाख २७ गतेसम्म सरोकारवाला निकायले तार नहटाए महानगरपालिका आफैंले तार हटाउने तयारी गरिरहेको महानगर बलका प्रहरी उपरीक्षक लामिछानेले बताए ।

'हिजोको छलफलमा आजदेखी नै तार हटाउने विषयमा सहमति भएको छ, आजदेखि नै तार हटाउने कार्यक्रम सुरु हुन्छ,' उनले सोमबार भने । आइतबार भएको बैठकले राजधानीका विभिन्न क्षेत्रमा चरणबद्ध रूपमा तार व्यवस्थापन गर्ने निर्णय गरेको इन्टरनेट सेवाप्रदायक संघ (आइस्पान)ले जनाएको छ । सहमतिअनुसार झुन्डिएका तार काट्ने र प्रयोग नभएका ५० प्रतिशत तार हटाइने भएको छ ।


## बिमालेख हरायो

मिति २०८०/०१/११ गते पोखरा देखि काठमाडौं सम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरु साथै सक्कली बिमा अभिलेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : सौरभ सिग्देल**
**बिमालेख नं : २५०१०८०५५**
**Life Insurance Corporation (Nepal)Ltd**
**ठेगाना : भिमाद-०१, तनहुँ**
**सम्पर्क नं : ९८४६९५४४१०**

## बिमालेख हरायो

मिति २०८०/०१/११ गते पोखरा देखि काठमाडौं सम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरु साथै सक्कली बिमा अभिलेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : सौगात सिग्देल**
**बिमालेख नं : ०८०००३१३५, ०८०००३१३६**
**National Life Insurance Company Ltd**
**ठेगाना : भिमाद-०१, तनहुँ**
**सम्पर्क नं : ९८४६९५४४१०**

नोट : दुवै पोलिसी नं. सौगात सिग्देलको नाममा रहेको पनि जानकारी गराइन्छ ।

## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : YASSER ABDULLAH A-JUHANI TRANSPORT EST**
पूर्व स्वीकृति मिति : २०७९/१२/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२५ | LT. No. 283165 | चलानी नं. ६०१९८५२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 10 | 0 | 1800 | ६२,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : TAUAH JASSIM AL AASHOUR CARPENTRY WORKSHOP**
पूर्व स्वीकृति मिति २०७९/१२/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२५ | LT No.284256 | चलानी नं. ६०१९९८१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Furniture Carpenter | 1 | 0 | 1200 | ४१,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : SALEH SALMAN SALEH AL AABID AGRICULTURAL FARM**
पूर्व स्वीकृति मिति २०७९/११/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२५ | LT. No. 281727 | चलानी नं. ६०१९७२७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nursery Worker | 1 | 0 | 1000 | ३४,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : RIADA COMPANY FOR CLEANING AND MAINTENANCE COMPANY ONE PERSON**
पूर्व स्वीकृति मिति २०७९/१०/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२५ | LT. No. 280733 | चलानी नं. ६०१९६१८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office And Facilities Cleaning Worker | 75 | 0 | 1000 | ३४,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : MASHREQEEN CORPORATION SERVICES FOR GENERAL CONTRACTING EST.**
पूर्व स्वीकृति मिति : २०७९/१२/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२५ | LT. No. 283401 | चलानी नं. ६०१९८८५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Driver | 2 | 0 | 1800 | ६२,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : KINGDOM TECHNOLOGY GENERAL CONTRACTING EST.**
पूर्व स्वीकृति मिति : २०७९/११/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२५ | LT. No. 282447 | चलानी नं. ६०१९७९६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Unique Occupation Worker (Labour) | 4 | 0 | 1000 | ३४,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : HUSSAIN AL HABABI TRADING COMPANY**
पूर्व स्वीकृति मिति २०७९/१२/२७ | LT No.284371 | चलानी नं. ६०१९९८१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaning Labour | 15 | 0 | 1000 | ३४,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : AL-QURAYYAT MILES CAR RENTAL EST.**
पूर्व स्वीकृति मिति २०७९/१२/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२५ | LT. No. 284630 | चलानी नं. ६०१९९९८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaning Labour | 11 | 0 | 1000 | ३४,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : AL MASHREQEEN TRANSPORT COMPANYT**
पूर्व स्वीकृति मिति २०७९/११/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२५ | LT. No. 283403 | चलानी नं. ६०१९८८५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Vehicle Driver | 3 | 0 | 1800 | ६२,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Truck Driver | 12 | 0 | 1800 | ६२,७१५ | | | | | | | |

**कम्पनी : LIDL FAST FOOD BUFFET**
पूर्व स्वीकृति मिति २०८०/०१/२५ | LT. No. 285606 | चलानी नं. ६०२०१०६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1200 | ४१,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : DAR ALMASALLA MARBLE & STONE FACTORY**
पूर्व स्वीकृति मिति २०८०/०१/२४ | LT. No. 285620 | चलानी नं. ६०२०१०४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Labour | 2 | 0 | 1000 | ३४,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०२ गते (16th May. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET
श्रम इजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र**
पुल्चोक, ललितपुर

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८०/०१/२६**

यस केन्द्रबाट मिति २०७९/१२/१४ गते प्रकाशित सूचना तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतिय खरिद प्रणाली www.bolpatra.gov.np/egp मा प्रकाशित सूचना अनुसार मिति २०८०/०१/१५ गते खोलिएको बोलपत्रहरू मूल्यांकन गर्दा सफल बोलपत्रदाताहरूको निम्न बोलपत्रदाताको न्युनतम मुल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | बोलपत्र नं र विवरण | सफल भएका बोलपत्रदाताहरूको नाम | कबोल अंक (मु अ क र PS समेत ) |
|---|---|---|---|
| १. | Demolition of Load Bearing Building and Construction of Shear wall at Dhumbarahi, Kathmandu (IFB No: DAC/TEPC/079/080/NCBW/01) | Parisha Builders Pvt. Ltd., KMC-12 | रु.३०६९२९५.२९ (तीस लाख उन्नानसत्तरि हजार दुई सय पन्चानब्बे रूपैया उन्नानतिस पैसा मात्र) |

**मण्डनदेउपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
महादेवस्थान, काभ्रे
फोन नं. ०११४१२११३

## दरभाऊपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८०।०१।२६)

यस नगरपालिकाको मिति २०८०।०१।०५ को सूचना बमोजिम मण्डनदेउपुर नगरपालिकाको तपसिल बमोजिमको कार्यको लागि अनलाइन मार्फत प्राप्त बोलपत्रहरुको प्रस्ताव मिति २०८०।०१।२० गते खोलिएकोमा उक्त बोलपत्रहरुको प्राविधिक र आर्थिक प्रस्ताव मूल्यांकन गरि मूल्यांकन समितिले प्रक्रियागत रुपमा पेस गरेको प्रतिवेदन अनुसार सारभूतरुपमा प्रभावग्राही रहेको र न्यूनतम रकम कबोल गर्नेलाई छनौट गर्ने हुँदा तपसिल बमोजिम बोलपत्रदाता छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा (२७) को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| | | | |
|---|---|---|---|
| **(12/SQ/Goods/MDM/079/080)** | ***Veterinary Aausadhi Tatha Samagri Kharid*** | **Kavre Veterinary Center Banepa-10, Kavre** | रू. ५,३१,१०६।७८ **(पाँच लाख एकतिस हजार एक सय छ रुपैयाँ अठ्हतर पैसा मात्र)** |

# Shivanath Rural Municipality
# Office of the Rural Municipal Executive

**Shivanath, Baitadi**

## INVITATION FOR THE SEALED QUOTATION

***Date of Publication: May 9th, 2023 (2080/01/26)***

1. ***Shivanath Rural Municipality, Office of the Rural Municipal Executive*** invites Electronic sealed Quotation from eligible bidders for the Construction of Following Project mentioned below under National Competitive Bidding.

| S.N. | Contract Identification Number | Description of Work | Total Project Cost Excluding VAT (NRs) | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 05/SRMUN/WORKS/2079/080 | Maintenance Works Of Chhela Baru Pipalkot Road | 15,56,601.36 | 45000/- | 1000/- | • Hard Copy Not Acceptable • Last Date and Time of Bid Submission:-May 24th, 2023 (2080/02/10) 12:00 Noon • Date and Time of Bid Opening: May 24th, 2023 (2080/02/10) 13:00 Hours |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Shivanath Rural Municipality Office, Sullekhan, Baitadi, Email: *ito.shivanathmun@gmail.com*, Phone no. 9858784452 or may visit PPMO e-GP system ***www.bolpatra.gov.np/egp.***
3. Information to deposit the cost of bidding document in Bank: Name of the Bank: Nepal SBI Bank, Shivanath, Baitadi, Name of Office: ShivanathRural Municipality, Office Account no.: 41895241207004 (Internal Revenue Account).The scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
4. Electronic bids must be submitted to Shivanath Rural Municipality Office, Baitadi, through PPMO's e-GP system ***www.bolpatra.gov.np/egp*** on or before 12:00 Noon on 2080/02/10 (May 24th, 2023). Bids received after this deadline will be rejected.
5. Bids must be valid for a period of 45 (Ninety) days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\ amounting to a minimum of mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.

**Chief Administrative Officer**

# कक्षा १२ को परीक्षा आजदेखि

**भक्तपुर (प्रस)**– कक्षा १२ को परीक्षा आजदेखि सुरु हुँदै छ । आज बिहान ८ बजेदेखि सुरु हुने परीक्षाको अन्तिम तयारी पूरा भएको राष्ट्रिय परीक्षा बोर्डले जानकारी दिएको छ ।

बोर्डले सोमबार यसबारे जानकारी गराउँदै परीक्षाको अन्तिम तयारी पूरा भएको जनाएको हो । बोर्डका अध्यक्ष डा. महाश्रम शर्माले परीक्षाको अन्तिम तयारी पूरा भएको जनाउँदै परीक्षामा सहभागी हुन सबै परीक्षार्थीलाई आह्वान गरे । उनले देशभर शान्तिपूर्णरूपमा परीक्षा सम्पन्न गर्न सबैमा आग्रह गरे ।

कक्षा १२ को यस वर्षको वार्षिक परीक्षामा देशभरबाट कूल चार लाख ६७ हजार ३८९ विद्यार्थीले परीक्षा दिने बोर्डका परीक्षा नियन्त्रक कृष्ण शर्माले जानकारी दिए । परीक्षाका लागि देशभर एक हजार ४५७ परीक्षा केन्द्र निर्धारण गरिएको उनले जानकारी दिए ।

परीक्षाका लागि केन्द्राध्यक्ष, सहकेन्द्राध्यक्ष, निरीक्षक, सहायक नियुक्त गरी परीक्षाका लागि परिचालन गरिएको जानकारी दिँदै उनले परीक्षाका लागि आवश्यक सामग्री सबै जिल्लामा पुगेको बताए । त्यसैगरी यस वर्ष ५६ हजारभन्दा बढी विद्यार्थी ग्रेड वृद्धि परीक्षामा सहभागी हुने भएका छन् । उनीहरूले जति विषयमा कम नम्बर आएको थियो त्यत्तिकै विषयको मात्र ग्रेड वृद्धि परीक्षा दिनुपर्नेछ ।

तीन वा सोभन्दा बढी विषयमा 'नन ग्रेडेड' ल्याएका विद्यार्थीले यस वर्ष पूरै विषयको परीक्षा दिनुपर्ने भन्दै छ विषयकै परीक्षा फाराम भरे पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले 'लेटर ग्रेडिङ निर्देशिका, २०७८' संशोधन गरेसँगै अब नन ग्रेडेड ल्याएका विषयको मात्रै परीक्षा दिए पुग्ने भएको छ ।

बोर्डले लागू गरेको लेटर ग्रेडिङ प्रणालीअनुसार दुईभन्दा बढी विषयमा नन ग्रेडेड ल्याएका विद्यार्थीले पूरै विषयको परीक्षा दिनुपर्ने भन्ने थियो । यसो गर्दा गत वर्ष भएको ग्रेड वृद्धि परीक्षामा विद्यार्थीको सहभागिता घटेर 'ड्रप आउट' हुने सम्भावना भएपछि मन्त्रालयले निर्देशिका संशोधन गरेको थियो । बिहान ८ बजेदेखि ११ बजेसम्म हुने परीक्षा जेठ २६ देखि आगामी जेठ ४ गतेसम्म सञ्चालन हुने भएको छ ।

## प्रधानन्यायाधीशमा...

पृष्ठ १ बाट जारी

समितिमा रहने व्यवस्था गरिएको छ । ढिला गरी संसद्का १० वटा समितिहरू गठन हुँदा संयुक्त समिति हुने संसदीय सुनुवाइ समिति गठन हुन नसकेको हो ।

वैशाख १५ गतेमात्र संसद्का विषयगत समिति गठन भएको थियो । संसदीय सुनुवाइ समितिमा रहने सदस्यहरूको नामावली राष्ट्रिय सभाबाट आइसकेको छ । तर, प्रतिनिधिसभाबाट प्राप्त हुनुपर्ने नामावली अझै नआएपछि समिति गठन हुन नसकेको हो । सभामुख घिमिरेले वैशाख २४ गते आइतबार संसदीय सुनुवाइ समितिमा रहने सदस्यहरूको नामावली तीन दिनभित्र दिन संसद्मा रहेका दलहरूलाई निर्देशन दिएका छन् । सभामुखले दिएको तीन दिनको समय वैशाख २७ गते सकिन्छ ।

प्रधानन्यायाधीशमा नियुक्ति पाएमा कार्कीले साउन १९ गतेसम्म सर्वोच्चको नेतृत्व गर्ने छन् ।

### कार्की सबैको रोजाइमा

सर्वोच्चका तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराविरुद्ध २०७८ फागुन १ मा संसद्मा महाअभियोग प्रस्ताव दर्ता भएपछि दीपककुमार कार्की कामु प्रधानन्यायाधीश बनेका थिए । न्यायाधीश उनले उमेर हदका कारण असोज १५ गते अवकाश पाए । त्यसपछि कार्की सर्वोच्चको कायममुकायम प्रधानन्यायाधीशमा नियुक्त भए । कार्की लामो समय कायममुकायमको जिम्मेवारी बस्न बाध्य हुनुको मुख्य कारण एमाले अध्यक्ष ओलीलाई मानिएको छ । संवैधानिक परिषद्मा एमालेकै बोलवाला रहेको बेला कार्की रोकिनुको कारण हो- ओलीले प्रतिनिधिसभा विघटन गर्दा सर्वोच्चले साथ नदिनु ।

तत्कालीन प्रधानमन्त्री ओलीले प्रतिनिधिसभा विघटन गर्न दुईपटक गरेको सिफारिसलाई सर्वोच्च अदालतले बदर गरिदिएको थियो । त्यसबेला न्यायाधीश हरिकृष्ण कार्कीमात्र होइन, पहिला एमालेबाट संविधानसभा सदस्य र पछि न्यायाधीश बनेकी सपना मल्ल प्रधानले पनि विघटनको कदमप्रति सहयोग नगरेको ओलीको बुझाइ रहेको बताइएको थियो । त्यसपछि ओलीलाई मनाउन कार्कीले पटक-पटक भेट्न खोजेका थिए । यद्यपि ओलीलाई भेट्दा बाहिर राम्रो सन्देश नजाने कानुनविद्हरूको सुझावपछि कार्की चुप बसेका थिए ।

### ओलीले कसरी छाडे अडान ?

सर्वोच्च अदालतमा पाँच जना न्यायाधीश रिक्त हुँदै छन् । रिक्त स्थानमा एमालेको भागमा दुई जना न्यायाधीश पाउने भएपछि ओलीले आफ्नो अडान छाडेको एमाले स्रोतले जनायो । त्यसैगरी उच्च अदालतमा ४७ जना न्यायाधीश रिक्त छन् । ती पदमा पनि एमालेले न्यायोचित भागबण्डा पाउने पक्कापक्की भएका बताइएको छ ।

शुक्रबार बारका पदाधिकारीले प्रधानमन्त्री दाहाललाई भेटेपछि प्रधानन्यायाधीश सिफारिस प्रक्रिया अघि बढेको हो । भेटमा सर्वोच्चको पाँच न्यायाधीशमा माओवादीको भागमा एक र कांग्रेसको भागमा दुई जना पर्नेगरी कुरा मिलेको थियो । कार्की प्रधानन्यायाधीश भएपछि संवैधानिक परिषद्मा एमालेकै चार जना हुने छन् । छ सदस्यीय संवैधानिक परिषद्मा प्रधानमन्त्री, राष्ट्रिय सभाका अध्यक्ष, सभामुख, उपसभामुख, प्रमुख प्रतिपक्षी दलका नेता र प्रधानन्यायाधीश रहन्छन् । राष्ट्रिय सभाका अध्यक्ष र सभामुख एमालेबाट निर्वाचित भएका हुन् । प्रधानन्यायाधीश सिफारिस बैठकमा भने कानुनमन्त्री सदस्य हुन्छन् ।


**हकदावी सम्बन्धी ३५ दिने सुचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६६/११/०५मा दर्ता भएको प्रा.लि. नं. ७०६२७ तारा रियल इस्टेट कम्पनी प्रा.लि. को बहुल शेयरधनीको निर्णय बमोजिम कम्पनी ऐन ,२०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसगँ कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सुचना प्रकाशित भएको ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सुचना जारी गरिएको हो ।

**बिमालेख हरायो**

मिति २०७९/१२/२२ गते, नख्खूदेखि जावलाखेलसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम : रुपा श्रेष्ठ
बिमालेख नं : १०८०१८१६०
(Nepal Life Insurance Company Ltd)
ठेगाना : ल.पू.म.न.पा.–२, ललितपूर
सम्पर्क नं : ९८४१२८७८३२



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : MANAQEESH DISTRICT FOOD SERVICE RESTAURANT

पूर्व स्वीकृति मिति : २०७९/१०/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२५ | LT. No. 279916 | चलानी नं. ६०१९५३६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 1 | 0 | 1000 | ३४,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०२ गते (16th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.**
श्रम ईजाजत नं. १०००/०६८/०६९
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np



**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : SYAQUA SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०१/२४ | LT. No. : 285580 | चलानी नं.: ६०२०१०२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 3 | 0 | 1500 | ४४,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०२ गते (16th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SUHASHA LINK PVT. LTD.**
License No. : 333/059/60
Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
Tel: 01 4382668, 4362338, Fax: 01-4362338



**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : SIANG JING ENGINEERING SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०१/२५ | LT. No. 285682 | चलानी नं. ६०२०१०६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factor Workers | 10 | 0 | 1500 | ४४,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८० जेठ ०२ गते (16th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सामाजिक सुरक्षा कोष बापतको न्युनतम पहिलो किस्ता**: रु.२,००२/- कामदार आफैले
**सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**S.And S.Human Resource Pvt. Ltd.**
श्रम ईजाजत नं. १२३८/०७४/०७५
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5523287
Fax : +977-1-5523287, E-mail : sands1238@gmail.com



**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : JSC SECURITY SERVICES SDN.BHD.

पूर्व स्वीकृति मिति : २०७९/१२/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२५ | LT. No. 284215 | चलानी नं. ६०१९९७११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 35 | 0 | 1000 | ४४,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०२ गते (16th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4461297, 4468625, Fax: +977-01-4462046



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : ALOMAIER TRADING & CONTRACTING CO is a closed joint stock company

पूर्व स्वीकृति मिति: २०७९/१०/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२५ | LT. No.280826 | चलानी नं. ६०१९६३१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Road Maintainance Worker | 1 | 0 | 1000 | ३४,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०२ गते (16th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
श्रम ईजाजत नं. ३८४/०५९/०६०
Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal
Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.com.np



**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : UCIFOAMER SDN.BHD.

पूर्व स्वीकृति मिति : २०७९/०६/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२५ | LT. No. 273197 | चलानी नं.६०१८९३१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४४,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०२ गते (16th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



**सुनछहरी गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
पोबाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृतिको आशय सम्बन्धी सूचना**

सूचना प्रकाशन भएको मिति: २०८०।०१।२५

सुनछहरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयबाट मिति २०७९।१२।१० गते विद्युतीय बोलपत्र खरिद प्रणाली मार्फत देहाय बमोजिमको निर्माण कार्य खरिदका लागि बोलपत्र आह्वानको सूचना भई तोकिएको म्यादभित्र दर्ता हुन आएका शिलबन्दी बोलपत्र खोली मूल्याङ्कनका लागि बोलपत्र मूल्याङ्कन समितिमा पेश भएकोमा बोलपत्र मूल्याङ्कन समितिको मिति २०८०।०१।२४ गतेको निर्णायानुसार तपशिल बमोजिमको बोलपत्रदाताको कूल कबोल अंक न्यूनतम् मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले तपशिलको बोलपत्र छनौट भई स्विकृत हुने प्रक्रियामा रहेको हुदाँ सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

| ठेक्का नं | कामको बिबरण | ठेक्का कबोल गर्ने फर्मको नाम र ठेगाना | कूल कबोल अंक (मू.अ.क. सहित) | कैफियत |
|---|---|---|---|---|
| SRM/TB/GOODS/NCB/01/079/080 | Procurement of Fabricated Steel Parts for Trail bridges | Junkiri Industries Pvt. Ltd., Butwal Industrial Area, Rupandehi, Butwal-Nepal | **3256508.98** | |

प्रमुख प्रशासकीय अधिकृत
सुनछहरी गाउँपालिका

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# संसद्लाई 'स्टन्ट' गर्ने थलो नबनाऊ

**सोमबार प्रतिनिधिसभा बैठक सुरु नहुँदै सांसद अमरेशकुमार सिंहले 'स्टन्ट' गरे । पछिल्ला दिनहरूमा सांसद सिंह विभिन्न कारण चर्चामा छन् । नेपाली कांग्रेसकी नेतृ डा. आरजु राणा देउवालाई 'पम्फादेवी' करार गरेपछि उनको चर्चा चुलिएको थियो । भ्रष्टाचार प्रकरणमा सबैको सम्पत्ति छानबिन हुनुपर्ने जोडदार माग राखेका उनको बोलीमा दम थियो पनि । उनको बोलीलाई धेरैले मन पराए ।**

**तर, केही दिन नबित्दै अमरेश संसद्मा स्टन्टमा उत्रिए । आफ्नो कपडा उतार्दै अमरेशले अश्लील र अशिष्ट व्यवहार प्रस्तुत गरे । जसकारण सभामुख देवराज घिमिरेले उनलाई पटक–पटक चेतावनी दिनुपर्‍यो । सांसदले सदनमा बोल्न पाउँछन् । जनताको बोली राख्नकै लागि सदनको परिकल्पना गरिएको हो । यसका लागि सांसदले विशेष समय, शून्य समय, आकस्मिक समय पाउँछन् । अमरेशले सदन अवरुद्ध गर्ने समयमा सांसदहरूले शून्य समयमा बोल्न पाउने कार्यतालिका थियो । तर, आकस्मिक समयको व्यवस्था नभएको सभामुखले पटक–पटक जानकारी गराए ।**

**आफूलाई समय नदिएपछि एकाएक आक्रोशित बनेर अमरेश अर्धनग्न भए । उनीभन्दा अघि नेमकिपाका सांसद प्रेम सुवाल आकस्मिक समय माग्दै उभिएका थिए । अमरेशको व्यवहारले सुवालसमेत अचम्ममा परे । उनले आफ्नो अडान दोहोर्‍याउन सकेनन् ।**

**संसद् जनताको आवाज बुलन्द पार्ने ठाउँमात्र हैन कानुन बनाउने थलो हो । जनतालाई मर्यादित र अनुशासन सिकाउनमात्र हैन कानुन निर्माण गरेर जनतालाई सहजता दिलाउने थलोबाटै सांसदको यस्तो व्यवहार ? बजेट अधिवेशनको दोस्रो बैठकमा सांसद सिंहले प्रतिनिधिसभा नियमावलीको नियम २१ को (घ) मा भएको व्यवस्थालाई उल्लंघन गरे । बैठक सुरु भएको सूचना सभामुख घिमिरेले सार्वजनिक गर्नासाथ स्वतन्त्र सांसद सिंहले बोल्नका लागि समय मागेका थिए । उनी उठिरहेपछि घिमिरेले बस्न पटक–पटक अनुरोध गरे । तर, सिंहले बोल्न नदिएको भन्दै गञ्जीसमेत खोलेर अर्धनग्न भए । केही दिनअघि अरुको भ्रष्टाचारको फाइल खोल्न माग गरेका अमरेशविरुद्ध सोमबारै अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ । यही कारण आफ्नो बारेमा बोल्न चाहेको देखिन्छ । समय नपाएपछि उनी क्रुद्ध बन्दा यस्तो हर्कत गर्न पुगेको देखिन्छ ।**

**सभामुखले नियम चेतावनीको पालना नगरे बैठकबाटै निष्कासन गर्नसक्ने व्यवस्था संसद् नियमावलीको नियम ३१ मा उल्लेख छ । यद्यपि, सभामुखले सहनशील व्यवहार प्रदर्शन गरेका कारण सिंह निष्कासित हुनुपरेन । जनताको सवाल राख्ने समय नष्ट हुनेगरी सदनमा यस्तो अभद्र स्टन्ट सुहाउँदो विषय होइन । त्यसैले यस्तो स्टन्ट नदोहोरियोस् ।**

## मननयोग्य

### चाणक्य नीति

दुवै युवती ज्यादै लाज मानेर व्यासको सामुन्नेमा पुगे जेठी अम्बिकाले जेठाजु व्यासको सामना गर्न नसकेर लाजले आँखा चिम्लिइन् । कान्छी आम्बालिका भने डराएर पहेंली भइन् । व्यासजीले दुवैलाई गर्भवती बनाएपछि

**विदुरको जीवन चरित्र**

पहिलो छोरा अन्धो र दोस्रो छोरा पाण्डु वर्णको पैदा हुनेछ भनी आमालाई बताइदिए । यसरी पैदा भएका दुई पुत्र नै धृतराष्ट र पाण्डु थिए अन्धो र पाण्डु वर्ण भएका छोरा हुने हुँदा सत्यवतीलाई सन्तोष भएन । उनले अम्बिकालाई सर्वगुण सम्पन्न भएको अर्को छोरा जन्माइदिन आग्रह गरिन् र व्यासलाई पनि पुनः राजी गराइन् । अम्बिकाले सासूलाई सामुन्नेमा हुन्छ त भनिन् तर पुनः निर्वस्त्र भई व्यासको अगाडि जाने साहस गरिनन् । उनले आफ्नी परम सुन्दरी वनिता भन्ने दासीलाई पनि व्यासजीको सामुन्ने पठाइदिइन् । वेदव्यास जस्ता ऋषिबाट सन्तान जन्माउन दासी वनिता पनि सहर्ष खुसी भइन् । वनिता पनि संकोच त्यागेर निर्वस्त्र व्यासजीका सामुन्नेमा पुगिन् उनलाई गर्भ रह्यो । व्यासजीले पनि त्यसै दिनदेखि वनिताको दासीभाव छुटाइदिदै भने "तिम्रो गर्भ (कोख) बाट एउटा अत्यन्तै धार्मिक पुत्र पैदा हुनेछ ।" व्यासजीको-कुरा किन फरक पर्दथ्यो र वनिता दासीकै कोखबाट माण्डव्य ऋषिको श्राप भुगतान गर्न भनी धर्मराज स्वयम्ले 'विदुर' को रूपमा जन्म लिएका थिए ।

धर्मावतार विदुर मानिस भएर पनि आफ्नो देवता हुँदाको ज्ञानलाई बिर्सेका थिएनन् तथापि उनले कहिल्यै आफूलाई देवताको रूपमा प्रकट पनि गरेनन् सधैं नै मनुष्यधर्मकै पालना गर्दथे । बाल्यावस्थादेखि नै उनी गम्भीर प्रकृतिका थिए । व्यास, भीष्म पितामह आदि मान्यजनको सेवातर्फ आफू प्रायः व्यस्त रहन्थे । यति धेरै चुप रहन्थे कि उनी केही पनि जान्दैनन् जस्तो देखिन्थे । उनी सदैव भागवद् भजनमा नै तल्लीन रहन्थे । अवकाशको समयमा ध्यान पनि गर्दथे । यिनमा सम्पत्तिको मोह र लोभ थिएन । क्रमशः

# वैदेशिक रोजगार र विप्रेषण



विष्णुप्रसाद खनाल

श्रम, सीप र उत्पादनबीच तादम्यता कायम हुन नसक्नु, श्रमप्रतिको सम्मानमा कमी हुनु, उद्यमशीलता विकास स्वरोजगार प्रवर्द्धन र उत्पादनशील रोजगारीको सिर्जना पर्याप्त हुन नसक्नु वैदेशिक रोजगारीबाट प्राप्त सीप र पुँजीको परिचालन नहुनु, विभिन्न प्रकृतिको बालश्रम विद्यालयमा रहनु, सकारात्मक औद्योगिक श्रम सम्बन्धको विकास गरी रोजगारमैत्री लगानीलाई प्रोत्साहन गर्न नसक्नु र श्रमबजार सूचना प्रणाली तथा श्रम प्रशासन चुस्त नहुनु मुख्य समस्या हुन् ।

वैदेशिक रोजगारी अहिले नेपालीहरूका लागि बाध्यात्मक अवस्था हो । कुनै पनि देशको सिमाना पार गरी अर्को देशमा गरिने रोजगारी नै वैदेशिक रोजगारी हो । विदेशमा कमाएको पैसा आफ्नो देशमा पठाउने रकम रेमिटचान्स (विप्रेषण) हो ।

यो लेखमा खासगरी वैदेशिक रोजगारको अवस्था र रेमिटचान्सको प्रभावलाई चित्रण गर्न खोजिएको छ । वैदेशिक रोजगार ऐन २०६४ का अनुसार वैदेशिक रोजगार व्यावसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तथा वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यावसायीको हक हितको संरक्षण गर्नका लागि वैदेशिक रोजगार ऐन कार्यान्वयनमा ल्याइएको छ । ऐनको परिभाषाअनुसार कामदारले विदेशमा पाउने रोजगार सम्झनुपर्छ भनिएको छ । त्यसैगरी, कामदार भन्नाले वैदेशिक रोजगारी पाउने नागरिक सम्झनु पर्दछ भनिएको छ । कानुनी व्यवस्थामा सबै कुरा उल्लेख गरिएको भएता पनि त्यसको पूर्णकार्यान्वयन नहुँदा वैदेशिक रोजगारीमा समस्या देखिँदै आएको छ ।

नेपालमा प्रत्येक वर्ष करिब पाँच लाख थप जनशक्ति श्रमबजारमा प्रवेश गर्दछन् । एकातर्फ आन्तरिक श्रमबजारको क्षमता न्यून हुँदा वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता छ । दैनिक करिब १५ सय देखि दुई हजार युवा विदेशिने गरेका छन् । विप्रेषण आय कूल गार्हस्थ उत्पादनको २५.४ प्रतिशत रहेको छ । अर्कोतर्फ उदार श्रमनीति, सीपमूलक श्रमशक्तिको अपर्याप्तता र कमजोर श्रम निरीक्षण तथा नियमनका कारण विदेशी श्रमिक आप्रवाह बढ्दै गएको र स्वदेशी श्रमिक विस्थापित हुँदै गएको अवस्था छ । श्रमशक्तिको ३६.५ प्रतिशत औपचारिक क्षेत्रमा संलग्न रहेको र बेरोजगारी दर ११.४ प्रतिशत रहेको छ । श्रमशक्ति सहभागिता दर ३८.५ रहेको र बाध्यकारी श्रम सहभागिता दर १.२ प्रतिहजार रहेको छ । आ.व. २०७५/७६ मा औसत श्रम उत्पादकत्व वार्षिक एक लाख ८४ हजार ६०० रहेको छ । वर्तमान १५औं योजना २०७६-८१ ले सबै नागरिकलाई मर्यादित, उत्पादनशील र उत्थानशील रोजगारीको उपलब्धता गराउने, उत्पादनशील क्षेत्रमा रोजगारी अभिवृद्धि गरी बेरोजगारी दर तथा श्रमको अल्पउपयोगमा उल्लेखनीयरूपमा कमी ल्याउने लक्ष्य र देशभित्र उत्पादनशील र मर्यादित रोजगारका अवसर विस्तार गर्ने, असल औद्योगिक श्रम सम्बन्ध विकास गर्ने, बालश्रमलगायत सबै प्रकारका श्रम शोषण अन्त्य गर्ने तथा वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्ने उद्देश्य तय गरिएको छ ।

निर्धारित लक्ष्य तथा उद्देश्य पूरा गर्नका लागि स्थानीय तहदेखि रोजगार कार्यक्रमलाई विस्तार गरी न्यूनतम रोजगारीको प्रत्याभूति गर्ने, विद्यमान श्रम तथा रोजगारसम्बन्धी कानुनहरूको प्रभावकारी कार्यान्वयन, सामाजिक संवादको माध्यमबाट असल औद्योगिक श्रम सम्बन्धको विकास गर्ने, राष्ट्रिय आवश्यकताका अधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा, तालिम र सीप विकासमार्फत श्रमिकको दक्षता अभिवृद्धि गर्ने रणनीति अवलम्बन गरिएको छ तर यसलाई व्यावहारिकरूपमा प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

वैदेशिक रोजगारीसँग रेमिटचान्स जोडिन्छ । नेपाल राष्ट्र बैंकले जारी गरेको आर्थिक वर्ष २०७९/८० को प्रथम आठ महिनाको आर्थिक तथा सामाजिक स्थितिअनुसार, समीक्षा अवधिमा विप्रेषण आप्रवाह २५.३ प्रतिशतले वृद्धि भई सात खर्ब ९४ अर्ब ३२ करोड रूपैयाँ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १.३ प्रतिशतले घटेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह १४.८ प्रतिशतले वृद्धि भई छ अर्ब नौ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह २.६ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ५४.३ प्रतिशतले वृद्धि भई तीन लाख ५१ हजार ७६१ पुगेको छ । त्यसैगरी वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा ८.० प्रतिशतले वृद्धि भई एक लाख ९२ हजार ५५९ पुगेको छ ।

एकातिर योजनाले तीन तहका सरकारबीच रोजगारी सिर्जना र श्रम व्यवस्थापनमा प्रभावकारी समन्वय गर्ने, वैदेशिक रोजगारका चरणलाई सुरक्षित, शोषणमुक्त मर्यादित र अधिकतम प्रतिफलमुखी बनाउने, रोजगार सिर्जना गर्न एवं विभिन्न निकायसँग समन्वय तथा रोजगारी कार्यको नियमन गर्न अधिकार सम्पन्न उच्चस्तरीय राष्ट्रिय रोजगार प्राधिकरण गठन गर्ने रणनीति अवलम्बन गरिएको छ । तर, त्यसखालका रणनीतिहरूको कार्यान्वयन नहुँदा वैदेशिक रोजगार बढ्दै गरेको छ भने देशको अवस्था विकराल बन्दै गएको छ ।

विप्रेषणको सम्बन्धमा योजनामा उल्लेख नभएको पनि होइन । १५औं २०७६-८१ मा विप्रेषण आयलाई उत्पादनशील क्षेत्रमा उपयोग गरी तीव्र आर्थिक वृद्धि र आन्तरिक रोजगार अभिवृद्धिमा सहयोग पुर्‍याउने लक्ष्य, विप्रेषण आयलाई अधिकतम बचत गरी उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गर्ने, विप्रेषण आयलाई औपचारिक बैंकिङ प्रणालीमार्फत भित्रचाउनु, विप्रेषण आयको महत्त्वमा बचत गरी पुँजी निर्माण गर्न नीतिगत तथा संस्थागत व्यवस्था गरी प्रवर्द्धनात्मक र सचेतनामूलक कार्य गर्ने, विप्रेषणलाई औपचारिक बैंकिङ प्रणालीमार्फत पुँजीको उपलब्धता बढाउने उद्देश्य तथा रणनीतिहरू तय गर्दा त्यसको कार्यान्वयनको पक्षलाई पनि ध्यान दिन नसक्दा त्यसलाई व्यवस्थित बनाउन सकिएको छैन ।

देश विप्रेषणले चल्दै गर्दा विप्रेषण आयलाई बचत गरी पुँजी निर्माण गर्न, रोजगारी सिर्जना गर्न, उत्पादन र उत्पादकत्व बढाई राष्ट्रिय अर्थतन्त्रमा योगदान दिनेगरी उपयोग गर्न सकिन्छ भन्ने तर्क नआएको होइन । यसले आफैंमा अर्थतन्त्रमा पार्ने प्रभाव र यसको उपयोग प्रवृत्तिमा निर्भर रहन्छ । एकातिर आर्थिक नीतिमा विश्वव्यापी रूपमा भएको परिवर्तन र नेपालले अंगीकार गरेको खुला अर्थव्यवस्थाको परिमाणस्वरूप वैदेशिक रोजगारीका लागि नेपालीहरू, अन्तर्राष्ट्रिय श्रमबजारमा प्रवेश गर्ने क्रम बढेको हो ।

विप्रेषण आप्रवाहले न्यून, मध्यम आयस्तर भएका परिवारको आय वृद्धि भई गरिबी निवारण र आर्थिक सामाजिक विकासमा सकारात्मक असर परेको छ । अर्कोतर्फ राष्ट्रिय उत्पादन वृद्धिमा नकरात्मक असर परी कृषि वस्तुका साथै अनुत्पादक वस्तुको आयात वृद्धि भई व्यापार असन्तुलन बढ्दै गएको छ । विप्रेषण आप्रवाहले बाहय क्षेत्र सन्तुलनमा योगदान दिएको छ तर विप्रेषण आयलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्न सरकारी प्रयास अपेक्षितरूपमा सफल हुन सकिरहेको छैन ।

विप्रेषण आयको उल्लेख्य हिस्सा अनौपचारिक माध्यमबाट भित्रिनु, उपभोगमुखी प्रवृत्ति बढ्दै जानु, विप्रेषण आयलाई उत्पादनशील क्षेत्रको लागानीमा रूपान्तरण गर्न नसक्नु, विप्रेषण आय प्राप्त गर्न सहज बैंकिङ पहुँच विस्तार गर्न नसक्नु र विप्रेषण आयका कारण आयात वृद्धि भई व्यापार घाटा बढ्दै जानु यस क्षेत्रका प्रमुख समस्याहरू हुन् । नेपालीहरूको विलासी तथा अनुत्पादक उपभोग, प्रवृत्ति निरूत्साहित गरी विप्रेषण आयको उल्लेख्य अंश बचत गर्नु विप्रेषणबाट पुँजी निर्माण गर्न सहलगानी र साझेदारी लगानीको मोडेल विकास गर्नु, औपचारिक बैंकिङ प्रणालीमार्फत विप्रेषण भित्र्याउनु, विप्रेषण आयबाट उपभोगमा भएको बढोत्तरीसँगै बाहय सन्तुलनमा परेको दबाब कम गर्नु, वैदेशिक रोजगारमा जाने व्यक्तिको क्षमता र दक्षता एवं सीप बढाई विप्रेषण आयमा वृद्धि गर्नु र विप्रेषण लागत कम गर्नु प्रमुख चुनौती रहेका छन् ।

विप्रेषण आयको माध्यमबाट आन्तरिक उत्पादन तथा उत्पादकत्व बढाउन उपयोगी हुने अवस्था रहनु विदेशी मुद्रा सञ्चितिमा विप्रेषणले सकारात्मक योगदान गर्ने स्थिति रहनु, विप्रेषण आय गरिबी निवारण र मानव विकासमा सहयोगी हुनु र विप्रेषण प्राप्त गर्ने परिवारको जीवनस्तर सुधार हुनु सकारात्मक पक्ष रहेका छन् । विगतमा वैदेशिक रोजगारीले गरिबी निवारणमा उल्लेखनीय भूमिका खेलेकोले सरकारीस्तरबाटै यसको प्रवर्द्धन गरिए पनि यसले ल्याएका र ल्याउनसक्ने, सामाजिक, आर्थिक र मानवीय जोखिम विश्लेषण गरी आन्तरिक रोजगारी सिर्जना गरी वैदेशिक रोजगारीलाई निरूत्साहित गर्नुपर्नेछ ।

नेपालको संविधानले रोजगारी र श्रमको हकलाई मौलिक हकको रूपमा स्थापित गर्नुका साथै दक्ष र व्यावसायिक श्रमशक्तिको विकास गर्ने, श्रमिक र उद्यमीबीच सुमधुर सम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारबाट आर्जित पुँजी, सीप प्रविधि र अनुभवको स्वदेशमा उपयोग गर्ने र सबैका लागि मर्यादित कामको अवसर सुनिश्चित गर्ने नीति लिएको छ । अन्तर्राष्ट्रिय श्रम संगठनको अभिसन्धी १६९ ले मर्यादित र सुरक्षित रोजगारी र श्रमको उत्पादकत्वको प्रत्याभूति गरेको छ । राष्ट्रिय रोजगार नीति-२०७१ र वैदेशिक रोजगार नीति-२०६८ कार्यान्वयनमा आएका छन् । दिगो विकास लक्ष्य र अन्तर्राष्ट्रिय श्रम संगठन अभिवृद्धिमार्फत रोजगारी सुरक्षित प्रतिबद्धता व्यक्त गरिएको छ । यसका लागि आन्तरिक रोजगारीको प्रवर्द्धन, बाध्यात्मक, वैदेशिक रोजगारीको अन्त्य र उत्पादकत्व अभिवृद्धि गर्ने रणनीतिअनुरूप विभिन्न कार्यक्रम सञ्चालनमा रहेका छन् ।

श्रम, सीप र उत्पादनबीच तादम्यता कायम हुन नसक्नु, श्रमप्रतिको सम्मानमा कमी हुनु, उद्यमशीलता विकास स्वरोजगार प्रवर्द्धन र उत्पादनशील रोजगारीको सिर्जना पर्याप्त हुन नसक्नु वैदेशिक रोजगारीबाट प्राप्त सीप र पुँजीको न्यून परिचालन हुनु, विभिन्न प्रकृतिको बालश्रम विद्यालयमा रहनु, सकारात्मक औद्योगिक श्रम सम्बन्धको विकास गरी रोजगारीमैत्री लगानीलाई प्रोत्साहन गर्न नसक्नु र श्रमबजार सूचना प्रणाली तथा श्रम प्रशासन चुस्त नहुनु मुख्य समस्या हुन् ।

नेपालको वैदेशिक रोजगार नीति-२०६८ का अनुसार मुलुकमा रोजगारको अवसरको कमी, स्वदेशमा आए आर्जन हुने जुनसुकै काम गरे पनि हुन्छ भन्ने सकारात्मक सोचाइको न्यूनता, गरिबी, अशिक्षा द्वन्द्व, सामाजिक तथा लैंगिक विभेद, कानुन कार्यान्वयनको कमजोर अवस्था, अपर्याप्त र गलत सूचना प्रवाह, प्राकृतिक प्रकोपको कारण स्वदेशमा आर्थिक उपार्जनमा अवसरको कमी, छिटो सम्पत्ति कमाउने लालसा आदि अनेकौं कारणहरूले मानिसहरू वैदेशिक रोजगारको क्रममा ठगिने प्रवृत्ति बढ्दै गएको छ । नेपाल श्रम सर्वेक्षण २०१९ का अनुसार प्रत्येक वर्ष कम्तीमा २० लाख युवा रोजगारीको खोजीका लागि नेपाली श्रमबजारमा आउँछन् । राष्ट्रिय तथ्याङ्क विभागका अनुसार नेपालमा हाल ८६ लाख व्यक्तिले उनीहरूको योग्यता र सीपअनुसार रोजगारी पाएका छैनन् । राज्यले सकेसम्म आफ्ना नागरिकलाई वैदेशिक रोजगारीका लागि विदेश जाने कार्यलाई रोक्नुपर्छ र रेमिटचान्सले देश सञ्चालन गर्नुभन्दा स्वदेशी उत्पादनको वृद्धि गरी उत्पादित वस्तुहरू विदेश निर्यात गरी विदेशी मुद्रा आर्जन गर्ने वातावरणको विकास गर्नु आजको आवयकता हो । जसका लागि सबैपक्षले समयमै सोच्न जरूरी छ ।

पछिल्लो समयमा वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूलाई पनि सामाजिक सुरक्षा कोषमा ल्याउने राज्यको कदमले केही राहत मिले पनि त्यसको कार्यान्वयनमा प्रश्न खडा भएको छ । केही सीप सिकेर, आफूले गर्ने, गर्न सक्ने र जान्ने कामका बारेमा, पाउने तलबका बारेमा राम्ररी जानीबुझी मात्र जानुपर्ने, लाग्ने खर्च, प्राप्त हुने आम्दानीका बारेमा तुलना गरी लाभ हुने काममामात्र जानुपर्ने अवस्थालाई रोजगारीमा जाने युवाहरूले ख्याल नगर्दासमेत समस्या आउने गर्छ । त्यसैगरी, आफू जाने देशको भौगोलिक स्थिति, हावापानी रहनसहन, धर्म, कानुन, काम गर्ने वातावरण आदि बारेमा सामान्य जानकारी लिनुपर्ने र यसमा राज्यले सहजीकरण गर्ने तथा आर्जन गरेको व्रिपेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सकेको खण्डमामात्र वैदेशिक रोजगार र विप्रेषणलाई व्यवस्थित बनाउन सकिन्छ ।




# प्रतिनिधिसभा कक्ष कि नाट्यशाला

*'सेतासेता कपडामा कालाकाला मान्छे*
*जनताद्वारा जनताले जनतालाई भन्थे*
*कंगाल भए जनता, नांगो पारे राष्ट्र*
*यो देशको काट्टो खानेहरूले'*

जे पापीले करिब डेढ दशक अघितिर लेखे, अनि गाए । मुलुकको परिवर्तनका लागि २००७ सालदेखि २०६३ सालसम्म पनि साहित्यकार, कलाकारहरूले आ-आफ्नो भूमिका निर्वाह गरेका छन् । जनताको आवाज बोल्ने त्यही कलाकार र साहित्यकार नै हुन् ।

पछिल्लो समय राजनीतिमा कलाकारहरू पनि होमिएपछि धेरै जेल गएर बसे भन्नेहरूलाई दिक्क लागेको पनि होला । नलागोस् पनि किन जेल गएर मन्त्री बन्न पाउने मान्छे बेच्ने पाउने भएपछि जाबो दुई-चार वर्ष जेल बसे भन्नलाई के भो र ? जनताका लागि काम गरे । जनताको जीवनस्तर परिवर्तन गरे, त्यसकारण मन्त्री भए, सांसद भएँ भन्ने त एकजना पनि देखिएनन् ।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्की हाँस्यकलाकार हुन् वा पाकिस्तानका खेलाडी प्रधानमन्त्री इमरान खान नै किन नहुन् । यिनीहरूले जनताका विपक्षका काम गरेर राजनीतिज्ञ बनेका होइनन् । भ्रष्टाचार गरेर, अकुत सम्पत्ति राज्यले छली गरी व्यापार गरेका कारण पनि राजनीतिमा छिरेका होइनन् । आफ्नो बलबुताले सकेसम्म राष्ट्रका लागि नै आ-आफ्नो पेसाबाट योगदान गरे र अनि देशमा परिवर्तन ल्याउन सक्छु भन्दै राजनीतिमा हामफाले ।

यसरी आउनेहरूलाई कुनै पनि देशमा सफल बनाउन ती देशका राजनीतिज्ञहरूले चाहेनन् । बरु आफू जसको इशाराबाट चलिरहेका छन् उनीहरूलाई नै प्रयोग गरेर देश खोक्रो बनाए । देशमा द्वन्द्व चर्काएका इतिहास छ ।

उताको हेर्ने हो र यताको कुरा गर्ने हो भने देशबाट भ्रष्टाचार अन्त्य गर्ने, सुशासन कायम गराउने साँच्चै नै देशमा परिवर्तन ल्याउने हुटहुटी नेपालका त्यापर बालेनमा थियो । त्यहीअनुरूप स्थानीय तहको निर्वाचनमा काठमाडौं महानगरबाट निर्वाचित पनि भए । देश र जनताका लागि काम गर्न खोजेका बालेनलाई पनि सायद असफल बनाउने होडबाजी दलहरूभित्र देखिन्छ । यो वा त्यो नाममा कलाकारिता गरेजस्तो राजनीति हुन्न भन्ने प्रमाणित गराउने प्रयासमा छन् ।

डोजर काण्डदेखि फोहोर काण्डसम्मलाई हेर्ने हो भने पनि स्थानीय सरकारलाई संघीय सरकारले सहयोग गरेको छैन । अर्थात् कलाकार भएर देश र जनताको आवाज बुलन्द गरेकै कारण काठमाडौंको मेयर बन्न सफल भएको बालेनलाई असफल बनाउने षड्यन्त्रले काठमाडौं महानगरपालिकालाई नै असफल बनाउने खेल चलिरहेको देखिन्छ अदृश्य रूपमा ।

त्यसैले होला अहिले संसद्मा निर्वाचित भएर गएका सांसदहरूलाई लागिरहेको छ । अब जेल गएर जनताले पत्याउनेवाला छैनन् । फुस्रो नाराले पनि भोट आउनेवाला देखिएन । झुट र भ्रमको खेती गरे पनि जनताले विश्वास नगर्ने भए । चुनाव आउन अझै चार वर्ष बाँकी छ । अहिले १४ वर्ष पुगेका केटाकेटीले अर्को चुनावमा भोट हाल्छन् । त्यसैले अब जेल गए क्रान्ति गरे भनेर भन्यो भने चुनाव जितिन्न भनेर होला संसद्लाई नाटचशाला बनाइँदै छ ।

वर्षको एकपटक देखाउने पर्ने गाईजात्रे दलका नाइकेहरूले हरेक संसद् बैठकमा देखाउन थालेका छन् । जनतालाई अब कसरी झुक्याउन सकिन्छ भन्दै छन् । त्यसैले होला कलाकारिता नै निर्वाचित हुने महत्त्वपूर्ण कडी ठान्दै छन् । अब संसद्मा नीति निर्माण गर्ने, कानुन बनाउने होइन जतिसक्दो नाटच प्रदर्शन सांसदहरूले गर्नुपर्ने दिन आएको छ ।

संघीय देश । तीन तहको सरकार । संघ सरकारको सधैं दादागिरी । जे पापीले गाएको गीतजस्तै बानेश्वरको सेतो घर अहिले संसद् होइन नाटचशालाजस्तै देखिन्छ । कोही कुर्सी फाल्छन्, कोही नांगै भएर लुगा फुकाल्छन् । तिनै दृश्य युटचुबमा हेरेर जनता मरिमरि हाँसिरहेका छन् । यति भएपछि संसद् नाटचशाला भएन त ?

'शरणार्थी जस्तो जीवन आफ्नै देशभित्र, डरलाग्छ देख्दा संगी साथी मित्र' भन्दै पापीले पापीहरूको गीत त्यसै गाको हो र ? देश छ । नागरिकता छ, त्यही देश र नागरिकता च्यात्न लगाएर विदेशी शरणार्थी बनाउनेहरूबाट के आशा गर्न सकिएला ? अब पनि ठूलो आशा गरेर बस्नु ठीक छैन भन्ने सोचेरै होला । कलाकार नेता भए असफल होलान् भन्ठानेर नेताहरू नै कलाकार भइदिन थालेका छन् ।

जेल गएको कथा, सामन्तवादको व्यथा सुनाएर देश खोक्रो बनाइयो ! जनतालाई नांगै बनाएर महँगी बढाइयो । युवा पुस्तालाई शरणार्थी जीवन जिउनका लागि विदेश जबरजस्ती पठाइयो । बूढा बा आमाहरूलाई आर्थिक संकट भन्दै सामाजिक सुरक्षाभत्ता हटाइयो अब यहाँभन्दा के हुन सक्ला र ?

अम्रेस र कांग्रेस एउटै त हो नि ! अम्रेस पहिले कांग्रेस भएकैले अहिले संसद्मा नांगिए । कांग्रेस माओवादीको बुइँ चढेर देशैभरि नांगिएको छ । जे हो अम्रेसले कंग्रेसलाई देखाइदिए । भ्रष्टाचारीलाई यसरी नै नंग्याउनुपर्छ भनेको रे, आफैं नांगिएको होइन रे !

देवर-भाउजुको जुहारी चलेकोमात्र हो रे नि, दोहोरी प्रतियोगिता गर्न खोज्या कलाकार भन्लान् फेरि विगतको जेलनेलको कुरा फ्लप खाला भनेर झट्कामात्र दिएको भन्छन्, अम्रेसका कंग्रेसहरू ।

अम्रेसले यति गरिदिएका थिए र त ऊ बेला भ्रष्टाचारीलाई किरा परोस् भन्दै डलर खेती गर्नेहरूलाई सजिलो भा छ नि । ऊ बेला अम्रिकाको पैसा आउँथ्यो भ्रष्टाचारीलाई किरा परोस् भन्या रे ! अहिले त किन भन्नु अम्रिकाकै मान्छे नाटचाशालामा आइसकेपछि तात्तो न छारो !

टोपबहादुरले छोरो मो टुप्पी समाऊ करोडौंको तोप पड्काएर बस्यारै'छन् । बेला न कुबेला तोप पड्केपछि टोप कुलेलाम ठोके भन्दैमा अम्रेसलाई किन नांगिनुपरेको ? विचरा ! भाउजुलाई तनाव छ क्या ! ऊ बेला अम्रिकाको तलब खाएर महिलाहिंसा भन्दै हिडया मान्छेले जाबो शरणार्थीको उद्धार गर्न नपाउने भन्ने कहीँ कतै संविधानको कुनै धारामा लेख्या छ र ?

नीति निर्माण गर्ने अखडा, ऐन कानुन बनाएर सुशासन ल्याउनपर्ने जनताले निर्वाचित गराएर पठाएका जनप्रतिनिधिहरूको नाटचकर्मले प्रतिनिधिसभा होइन नाटचसभा भन्दा नै उचित हुने देखियो ।

त्यही भएर पनि बेलाबेलामा जे पापीलाई स्मरण गर्नुपर्छ किन कि उनले त गीत गाइदिएका पो हुन् गीत गाको जस्तै व्यवहारमा उतारिदिने हाम्रा नेता पो हुन् त ! त्यसैले समय सान्दर्भिक बनिरहन्छ ।

*शरणार्थीजस्तो जीवन आफ्नै देशभित्र*
*डरलाग्छ देख्दा संगी साथी मित्र'*
*जनताद्वारा जनताले जनतालाई भन्थे*
*कंगाल भए जनता, नांगो पारे राष्ट्र*
*यो देशको काट्टो खानेहरूले'*

# नरैनापुरको मदरसा र सामुदायिक विद्यालयमा न शिक्षक न विद्यार्थी

**जानकी–** बाँकेको नरैनापुर गाउँपालिका-४ स्थित मदरसामा शिक्षक र विद्यार्थीको उपस्थिति न्यून छ। उक्त वडामा रहेको जयरामपूर्वाको श्री मदरसा अहले सुन्नत सैयदुल उलुमकी शिक्षिका जयमती बैजाली र खाजा व्यवस्थापक रामजी साहु वैशाख महिनामा एक दिन पनि हाजिर भएका छैनन्। चैत महिनामा त जयमती दुई दिन र रामजी एक दिनमात्रै हाजिर भएको प्रधानाध्यापक इब्राइम खानले बताए ।

मदरसामा नआए पनि दुवै जनाले गाउँपालिकाको राहतको तलब पाइरहेका छन्। उनीहरूलाई बारम्बार सम्पर्क गर्दा पनि मदरसा नआउने गरेको हाजिरी रेर्कडबाट प्रस्ट बुझ्न सकिने उनको भनाइ थियो।

'हामीले धेरै पटक फोन गर्नाका साथै गाउँपालिकामा निवेदन दिए पनि उनहरू मदरसामा आउनुहुँदैन,' प्रधानाध्यापक खानले भने, 'तर तलब भने उनहरूले खाइरहनुभएको छ ।'

सोही गाउँपालिका-५ जमुनहामा रहेको मदरसा गौसुलवरा जामियाका शिक्षकले पनि वैशाख महिनामा हाजिरी गरेको देखिँदैन । मदरसामा भेटिएका एक दुई शिक्षकसँग विद्यार्थीको बारेमा सोध्दा उनीहरूले आफ्नो विद्यालयमा कति विद्यार्थी पढ्छन् भन्ने जवाफ दिनै सकेनन् । एक शिक्षकको भनाइअनुसार उक्त मदरसामा प्रधानाध्यापक मनलागेमात्र मदरसा आउने गरेको बुझिएको छ ।

वडा नं ४ स्थित जमुनाहाकै श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयमा पनि प्रध्यानाध्यपक स्कुल समयमा प्रायः भेटिन्नन् । कुनै कक्षा कोठामा पनि शिक्षकको उपस्थिति देखिँदैन । तीन शिक्षक र शिक्षिकाले त एकैपटक आएको र गएको हाजिरी गर्ने गरेकोसमेत भेटियो । केही कक्षामा विद्यार्थीको पनि हाजिरी नगरेको पाइयो । धेरैजसो शिक्षकले हप्ता दिनदेखि हाजिरी नै नगरेको पनि भेटिएको थियो । *रासस*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : OYOUN AL-RIDA GENERAL CONTRACTING EST. IZDIHAR IBRAHIM AL-HALAL

पूर्व स्वीकृति मिति : २०७९/१२/०९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२५ LT. No. 283333 चलानी नं.६०१९८६७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factor | 2 | 0 | 1000 | ३४,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०२ गते (16th May. 2023) मा हुनेछ ।

कम्पनी : RWAKEZ AL OSTOURA CONTRACTING CO.

पूर्व स्वीकृति मिति : २०७९/१०/१७ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२५ LT. No. 280347 चलानी नं.६०१९५८३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Whole Vehicle Driver | 25 | 0 | 1800 | ६२,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०२ गते (16th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं. ११७७/०७३/०७४

Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448

Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CHEF AL-SHAMI RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति २०७९/०५/२६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२५ LT. No. 271685 चलानी नं. ६०१८७४१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 7 | 0 | 100 | ४२,६८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 10 | 0 | 140 | ५९,७६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०२ गते (16th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Namo Buddha Recruitment Pvt. Ltd.**

Govt. License 1370/74/75

samakhushi-26, Kathmandu, Nepal, Phone : + 977-1-4983168

E-mail : info@namobuddharecruitment.com, nbrpl1370@gmail.com

Website : www.namobuddharecruitment.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FOOD VILLAGE RESTAURANTS TO SERVE MEALS

पूर्व स्वीकृति मिति : २०७९/०३/०१ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२५ LT. No. 264903 चलानी नं. ६०२०१०६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 3 | 0 | 1000 | ३४,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०२ गते (16th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MBK OVERSEAS PVT. LTD.**

श्रम ईजाजत नं. ५४२/०६१/०६२

Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Fax:- + 977-1-4989762

Email: mbkoverseas@gmail.com, www.mbkoverseas.com

Contact: 9851112074,9841935884,9841541592, 9808658844, 9842716845, 981533303



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PETROLAND RECRUITMENT LLC

पूर्व स्वीकृति मिति : २०७९/०८/०९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२५ LT No. 276564 चलानी नं. ६०१९२०५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason Assistant | 40 | 0 | 800 | २८,४३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter Assistant | 60 | 0 | 800 | २८,४३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: Dhanusha, Janakpur Sub Metro, BM Talim Kendra मा मिति: २०८० जेठ ०२ गते (16th May. 2023) मा हुनेछ भने Birtamod Municipality, Anjalai Training Center मा मिति: २०८० जेठ ०३ गते (17th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनूहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Kingfisher Overseas Pvt.Ltd**

श्रम ईजाजत नं. १४३५/०७४/७५

Gairigaun 9 Tinkune, Kathmandu,Nepal.

Contact no.:+977-014112437/014112160, Email: kingfisheroverseasnepal@gmail.com


## प्रभु स्टील्स एण्ड हाइड्रो ईक्युपमेन्ट इण्डस्ट्रिज लिमिटेड

(साविक: गौतम स्टील इण्डस्ट्रिज प्रा.लि.)

वीरगंज: ३२ पर्साको

### अत्यन्त जरूरी सूचना

यस प्रभु स्टील्स एण्ड हाइड्रो ईक्युपमेन्ट इण्डस्ट्रिज लिमिटेड साविक: (गौतम स्टील इण्डस्ट्रिज प्रा.लि.) प्रा.लि.नं. १९११०९/०७४/०७५ को साविक: बैक खाताहरु महालक्ष्मी विकास बैक लि. श्रीपुर शाखाको खाता नं ०५६००१००३९३५५८००००१, एन.एम.वि. बैंक लि. बीरगंज शाखाको खाता नं ०१९००७१५४६६०००२१, ग्लोबल आई एम ई बैंक लि. वीरगंज शाखाको खाता नं ०११०१०१०००६१७८ बाट बिभिन्न मितिमा जारी भएको नगद भुक्तानि रसिद चेकहरु बदर गरी उक्त चेक धारकहरुलाई कम्पनीले भुक्तानि दिनु पर्ने हो होइन परिक्षण गरी दिनु पर्ने भएमा भुक्तानि दिने र कानुन बमोजिम भुक्तानि दिनु पर्ने नदेखिएमा चेकहरु खिचि रद्द गरिने छ। यदि कसैको मुनासिब भुक्तानि हुनुपर्ने रकम रहेको पाईएमा परिवर्तित कम्पनी प्रभु स्टील्स एण्ड हाइड्रो ईक्युपमेन्ट इण्डस्ट्रिज लि.को नामबाट कम्पनीले यसपूर्व खिचेको चेक बराबर भुक्तानि दिने हुँदा यथाशिघ्र कम्पनीको कार्यालयमा आई आफ्नो भुक्तानि लिनु पर्ने सबुत प्रमाण पेश गरि नयाँ भुक्तानि रसिद चेक बुझ्न अनुरोध गरिन्छ। साथै यसै सूचनालाई आधार मानि साविक: गौतम स्टील्स इण्डस्ट्रिज प्रा.लि.को खाता रहेका महालक्ष्मी विकास बैक लि. श्रीपुर शाखा, एन.एम.वि. बैंक लि. बीरगंज शाखा र ग्लोबल आई एम ई बैंक लि. वीरगंज शाखालाई समेत ति सम्पूर्ण चेकहरु रोक्का राखि कम्पनीमा सम्पर्क गर्न पठाई दिनुहुन विशेष अनुरोध गरिन्छ।

भवदीय
कम्पनी सचिव
प्रभु स्टील्स एण्ड हाइड्रो ईक्युपमेन्ट इण्डस्ट्रिज लि.
साविक: गौतम स्टील इण्डस्ट्रिज प्रा.लि.
सम्पर्क
फोन नं. : ०१-५९१३७२८, ५९१३७२९
मो. : ९८५११७२३९९

## हकदावी सम्बन्धी ३५ दिने सुचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६१/०३/२४मा दर्ता भएको प्रा.लि. नं. २९१४४ ग्रिन लिकं इन्टरनेशनल प्रा.लि. को बहुल शेयरधनीको निर्णय बमोजिम कम्पनी ऐन ,२०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसगँ कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सुचना प्रकाशित भएको ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सुचना जारी गरिएको हो ।

## हकदावी सम्बन्धी ३५ दिने सुचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०५८/११/१३ मा दर्ता भएको प्रा.लि. नं. १८०३० हिमालयन कुचुर प्रा.लि. को बहुल शेयरधनीको निर्णय बमोजिम कम्पनी ऐन ,२०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसगँ कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सुचना प्रकाशित भएको ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सुचना जारी गरिएको हो ।

## नबौं बार्षिक साधारण सभाको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८०/०१/२६**

**आदरणिय शेयरधनी महानुभवहरू,**

मिति २०८०/०१/१५ गते बसेको यस मर्चेन्ट बैंकिङ्ग लिमिटेडको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनिको नवौं वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरूमा छलफल गरि निर्णय गर्नका लागि बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूमा जानकारीको यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८०/०२/१९ (२,जुन-२०२३)
समय: दिनको २ बजे
स्थान: कार्यालय भवन, नयाँबानेश्वर काठमाडौ ।

**छलफलका विषयहरु:**

**(क) साधारण प्रस्तावहरू:**

१. आ.व.२०७८/०७९ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।
२. लेखा परिक्षण प्रतिवेदन सहितको आषाढ ३२, २०७९ को वासलात छलफल गरि पारित गर्ने । नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरण माथि छलफल गरि स्वीकृत गर्ने ।
३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आगामी आ.व. २०७९/०८० को आय व्ययको लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने ।
४.सञ्चालकहरूको राजनिामा स्वीकृत गर्ने तथा नयाँ सञ्चालकहरूको मनोनयनलाई अनुमोदन गर्ने ।
५. कम्पनीको प्रगति समीक्षा, कार्य नीति तथा विनियमहरू साथै कार्यालय विस्तारमाथि छलफल गरि स्वीकृत गर्ने ।

**(ख) विशेष प्रस्ताव**

१. प्राप्ती तथा समन्वय सम्बन्धमा आवश्यक छलफल गर्ने
२. पुँजी वृद्धिका लागि पुँजी बजारमा रहेका साना साना इन्भेष्मेन्ट कम्पनीहरूलाई खरिद गर्ने सम्बन्धमा
३. मर्जर र प्राप्तीको लागि खुल्ला रहने आवश्यक समिति निर्माण गर्ने, मर्जर र प्राप्ती वा पूँजी वृद्धिका लागि आवश्यक नियामवाली तथा प्रबन्ध पत्र संसोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
४. नियमक निकाय नेपाल धितोपत्र बोर्डमा कर्पोरेट एडभाइजरी, प्राइभेट इक्वीटी, अन्डर राइटर इस्यूमेनेजरको कारोबारको लागि अनुमतिको लागि निवेदन दिने सम्बन्धमा ।
५. कार्यकारी अधिकृत नियुत्ती निजको कार्य सम्पादन सम्झौता, शर्तनामा तथा पारिश्रमिक सम्बन्धमा ।
६. ब्रोकर तथा अन्य वित्तीय संस्थासंग व्यापार प्रर्वधनका लागि तेश्रो पक्षसंग आवश्यक सम्झौता तथा समन्वय गर्न अख्तियारी प्रदान गर्ने ।
७. लगानी व्यवस्थापन गर्न फिक्स इनकम स्रोत तर्जुमा गरि लगानी गर्न संस्था तथा लगानीकर्ताको लागि रियल स्टेट, हाउजीङ्ग, इक्वीटी, र ऋण तथा ऋणपत्र आदि क्षेत्र विस्तार गर्ने र आवश्यक थप स्वीकृती तथा समन्वयको लागि नेपाल धितोपत्र बोर्ड तथा अन्य सम्बन्धित निकायसंग आवेदन गर्ने ।
१०.ओपन इन्डेट म्युचल फण्ड, न्यू फण्ड अफर योजना, साझेदार एजन्सी वा समन्वय, सहभागिताको लागि खुल्ला गर्ने ।
११.शाखा कार्यालय सञ्चालन विस्तार र बन्दगर्ने सम्मबन्धमा छलफल गर्ने र निर्णय लिने ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनि सचिव**

PROVIDENT MERCHANT BANKING LTD For Wealth and Happiness

**प्रोभिडेन्ट मर्चेन्ट बैंकिङ्ग लिमिटेड**
डि & सी बिल्डिङ्ग, नयाँ वानेश्वर, काठमाडौं
फोन नं ०१-५१४७०५७,०१-४५५३४५०
Email: providentmbl@gmail.com

# Arun Rural Municipality

## Office of the Rural Municipal Executive

**Bhojpur, Koshi Pradesh, Nepal**

### INVITATION FOR BIDS FOR THE UPGRADING OF PYAULI-NANIKHOLA-YANGPANG ROAD

**Date of Publication: 9th May , 2023**

1. Arun Rural Minicipality, Bhojpur, Koshi Pradesh. Nepal, invites electronic bids only from Nepalese eligible bidders for the Upgrading of Pyauli-Nanikhola-Yangpang Road under Sealed Quotation procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office at Arun Rural Municipality-03, Bhojpur, Koshi Pradesh. Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   **Bid Document Price : NRs. 1000/-**
   Name of the Bank : Prabhu Bank Ltd. Pyauli Branch, Bhojpur
   Name of Office : Arun Rural Municipality, Pyauli, Bhojpur
   Khata No. :2697087361900188 (Account Name: GA-1-1 Arunga.pa. Antarik Rajswa Khata)

4. Pre-bid meeting shall be held at Arun Rural Municipality office at Arun Rural Municipality -03, Bhojpur, Koshi Pradesh. Nepal on 16th May , 2023 at 14:00 Hrs.
5. Electronic bids must be submitted to the office of Arun Rural Municipality, Arun Rural Municipality-03, Bhojpur, Koshi Pradesh. Nepal through PPMO website www.bolpatra.gov.np/egp before 12:00 Hrs. of 24th May, 2023. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on 14:00 Hrs. of 24th May, 2023 at the office of Arun Rural Municipality, Arun Rural Municipality-03, Bhojpur, Koshi Pradesh. Nepal. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format, which shall be valid for 30 days beyond the validity period of the bid. The bank account details for cash deposit is given by:

   **Bid Security Price : NRs.35,000 /-**
   Name of the Bank : Prabhu Bank Ltd. Pyauli Branch, Bhojpur
   Name of Office : Arun Rural Municipality., Pyauli, Bhojpur
   Khata No. :2697087361900068 (Account Name: GA-3-1 Arun ga.pa. Sthaniyataha dharauti Khata )

7. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all Bids at any time prior to contract award, without thereby incurring any liability to Bidders.


| S.N. | Contract ID | Descriptions | EstimatedAmount (With VAT and PS ) | Bid document Cost NRs | Last date of bid submission | Bid openingdate | Bid Security Amount (NRs) |
|---|---|---|---|---|---|---|---|
| 1. | SQ/3/WORKS/ARUN/079/080 | Upgrading of Pyauli-Nanikhola-Yangpang Road | 13,27,806.09 | 1,000.00 | 12:00 Hrs. of 24th May, 2023 | 14:00 Hrs. of 24th May, 2023 | 35,000/- |

प्रभाव दैनिक

रूपशाला

## नौ महिनापछि न्यापर साकार

संगीत पारखीमाझ लिटिल बुद्धका रूपमा परिचित न्यापर साकार अधिकारी संगीतका लागि नौ महिनाको 'भूमिगत' जीवनपछि फ्यानमाझ आउने भएका छन् । युवापुस्तामाझ रूचाइएका साकार नयाँ एल्बम लिएर दर्शकमाझ आउन लागेका हुन् । उनको एलबम आगामी जुन, २०२३ मा रिलिज हुँदैछ । एलबमको गीत भने जुनको पहिलो साता सार्वजनिक हुनेछ । उनले आगामी जुनमै देशका नौ प्रमुख सहरमा नेपाल टुर पनि गर्दैछन् । उनको व्यवस्थापन कम्पनीले सामाजिक सञ्जालबाट टुरको बारे औपचारिक जानकारी दिएको छ । विगत पाँच वर्षदेखि साकारको कार्यक्रमको व्यवस्थापन गर्दै आएको पीभीइ नेटवर्कले यसपटक पनि साकारको नेपाल टुरको व्यवस्थापन गर्दैछ । पीभीई नेटवर्कको तर्फबाट विकास ढकालले व्यवस्थापनको नेतृत्व गर्नेछन् ।





# कस्तो छ 'ज्याकी : आई एम ट्वान्टी वान'?

■ प्रभाव संवाददाता

**काठमाडौं–** गत हप्तादेखि नयाँ चलचित्र 'ज्याकी : आई एम ट्वान्टी वान' प्रदर्शनरत छ । बनिरहेका चलचित्रको भिडमा यो फरक देखिएको छ । किनकि नृत्यलाई प्रमुख विषय बनाएर यसको कथा भनिएको छ । नृत्य निर्देशनमा आफ्नो छुट्टै पहिचान स्थापित गर्न सफल रिनाशा राई राणाले यसको निर्देशन गरेका छन् । उनको यो दोस्रो निर्देशकीय चलचित्र हो तर, दर्शकलाई पर्दामा निर्मित पात्रसँग जोड्न नसक्दा यसले नत राम्रो समीक्षा नै पाइरहेको छ नत राम्रो व्यापार नै गर्न सकेको छ ।

पात्रहरूले आफ्ना उद्देश्य प्राप्तिका लागि प्रयत्न गर्दा आइपर्ने व्यवधान नै अवरोध हुन् । अवरोध नभएमा पात्रलाई उद्देश्य प्राप्त गर्न सहज हुन्छ । सहजताले दिएको सफलताले अन्यलाई प्रभाव पार्दैन। चलचित्रमा प्रमुख पात्रले आफ्नो उद्देश्य प्राप्तिका लागि खासै अवरोधहरूको सामना गर्दैनन् । तसर्थ उसको उद्देश्य प्राप्ति सजिलै हुन्छ । द्वन्द्व सिर्जनामा चुक्दा दर्शकले पात्रसँगै यात्रा गर्दैनन् । धराने केटो ज्याकी लिम्बू (धीरज मगर) मै केन्द्रित रहेको चलचित्रमा उनको पहिचान नृत्यले स्थापित गरेको हुन्छ तर, ज्याकीका बुबा छोरालाई लाहुरे बनाउन चाहन्छन् । जेठा दाजु मिलनमार्फत पूरा नभएको सपना ज्याकीमाथि लादिएको छ । एकतर्फ बुबाको चाहना अर्कोतर्फ आफ्नो गन्तव्य । ज्याकी अलमलमा रहँदा नै एउटा घटनाले उनलाई काठमाडौँसम्म ल्याउँछ । ज्याकीझैँ रुबी (जसिता गुरुङ)को पनि सपना नृत्य नै हो । उनलाई आफ्नो भविष्य नृत्यकार भएर बनाउनु छ तर, घरमा आमाबाहेक उनको यो सपनामा साथ दिने कोही छैन । काठमाडौंमा यी दुईको भेट हुन्छ । एउटै गन्तव्य भएकाले सहकार्य गर्छन् । यी दुई पात्रले आफ्नो सपना पुरा गर्ने सन्दर्भमै 'ज्याकी : आई एम ट्वान्टी वान'को बाँकी कथा प्रस्तुत गरिएको छ ।

हिपहप डान्सलाई सुन्दर ढङ्गबाट प्रस्तुत गरिएको छ । सङ्गीतको तालअनुसारका नृत्यका स्टेपको प्रस्तुती आकर्षक देखिन्छ । नृत्यझैँ कथालाई पर्दामा विश्वासिलो ढङ्गमा प्रस्तुत गर्न नसक्दा निर्देशक राईले राम्रो चलचित्र दिन सक्नुभएको छैन । प्रमुख पात्रले सहजै गन्तव्य तय गर्न थालेपछि दर्शक जोडिँदैनन् । चलचित्रको सङ्गीत र यसमा देखाइएको नृत्यहरू धेरै मात्रामा प्रभावित भएको देखिन्छ । आफ्नो पात्रलाई जीवन्त बनाउन अभिनेता मगर, अभिनेत्री गुरुङसँगै अभिनेता अरुण क्षेत्रीले गरेको मेहनत देखिएता पनि प्रस्तुतीका कारण त्यो महसुश गर्न सकिँदैन । निर्माण समूहले उल्लेखित कलाकारलाई नृत्यको प्रशिक्षण नै दिएर चलचित्र निर्माण गरेको थियो । नेपाली चलचित्रमा आफ्नो पात्र निर्माणमा यस किसिमको मेहनत निकै कम कलाकारले गर्ने गरेकाछन् ।

यद्यपि विषय र त्यसको प्रस्तुतीको कारण त्यो फिक्का देखिएको छ । एउटा गीतलाई उत्कृष्ट बनाउन निर्देशक राणाले गर्ने मेहनत चलचित्रमा देखिएको छैन । त्यसैले चलचित्र हेरिरहँदा कहीँकतै नृत्य रियालिटी सो हेरेजस्तो पनि लाग्छ तर, हिपहपका नृत्य रुचाउने, भूमिगत नृत्य गर्ने समूहलाई भने यसले आकर्षण गर्न सक्छ । किनकि चलचित्रमा कथा नभई नृत्य नै नृत्य छ ।

# ठाडो भाका गीत संरक्षण गर्न प्रतियोगिता

**गोरखा (प्रस)** – पछिल्लो समय लोप हुँदै गएको ठाडो भाका गीतको संरक्षणका लागि गोरखामा ठाडो भाका दोहोरी गीत प्रतियोगिता सम्पन्न भएको छ । ठाडो भाकाको गीत युवापुस्तालाई सिकाउने तथा पुराना संस्कृति जर्गेना गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको गरिएको ठाडो भाका दोहोरी गीत प्रतियोगिताकी संयोजक हरिमाया गुरुङले जानकारी दिइन् ।

पश्चिमाञ्चल सांस्कृतिक केन्द्र र न्यू दौतरी युवा क्लब चित्रेपोखरीको आयोजना तथा सिरानचोक गाउँपालिका गोरखाको प्रवर्द्धनमा सिरानचोक -३, स्थित चित्रेपोखरीमा भएको प्रतियोगिताको उपाधि वीरबहादुर गुरुङ र रेशम माया गुरुङको समूहले जितेको छ । प्रतियोगितामा बमबहादुर गुरुङ र तीर्थकुमारी भुजेलको समूह दोस्रो तथा मनकाजी गुरुङ र विष्णुमाया गुरुङको समूहले तेस्रो भएको संयोजक गुरुङले जानकारी दिइन् ।

प्रतियोगितामा उपाधि जित्न सफल समूहलाई नगद रु एक लाख पुरस्कार प्रदान गरिएको उनले बताइन् । त्यस्तै दोस्रो हुन सफल समूहलाई नगद रु ६० हजार र तेस्रो हुन सफल समूहलाई रु ३० हजार नगद पुरस्कार प्रदान गरिएको संयोजक गुरुङले जानकारी दिइन् । प्रतियोगितामा सान्त्वना स्थान प्राप्त गर्न सफल दुई समूहलाई पनि रु १५/१५ हजार पुरस्कार प्रदान गरिएको उनको भनाइ छ । त्यस्तै उष्कृष्ट गायनतर्फ लमजुङ दूधपोखरी गाउँपालिकाकी सन्तमाया गुरुङ र गोरखाको बारपाक सुलिकोट गाउँपालिकाका धनबहादुर गुरुङले छनोट भएका छन् ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CHEAH SUNG ENTERPRISE

पूर्व स्वीकृति मिति २०८०/०१/२५ | LT. No.285667 | चलानी नं. ६०२०१०५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farm Worker | 2 | 0 | 1500 | ४४,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०२ गते (16th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ७७७/०६५/०६६

Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424

Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com


# एन्फाको २०२३ को बजेट परिमार्जनसहित पारित

रंगशाला

■ प्रभाव संवाददाता

**काठमाडौं–** अखिल नेपाल फुटबल संघ (एन्फा)को आपतकालिन बैठकले २०२३ का लागि ६७ करोड ८ लाख १५ हजार २ सय २९ रूपैयाँ बजेट परिमार्जन सहित पारित गरेको छ ।

सोमबार एन्फा कम्प्लेक्समा बसेको आकस्मिक कार्यसमितीको बैठकले फिफाको सहयोगमा प्राप्त हुने फिफा फरवार्ड २.० को प्रोजेक्ट फन्डिङको बजेट अपरेशन शिर्षकमा रहेको बजेट रकमान्तरण गर्न फिफालाई अनुरोध गर्ने निर्णय गरेको छ ।

यस्तै, फिफा फरवार्ड ३.० को (२०२३-२६) सम्म चल्ने प्रोजेक्ट फन्डिङको सिएओ पारित गरि रणनितिक प्लानलाई पुनरावलोकन गर्ने निर्णय गरेको छ ।

वुमन्स फिफा विश्वकपका लागि टिकट खरिद गर्ने निर्णय गर्ने निर्णय गरेको छ । यस्तै मिसन फिफा महिला विश्वकप २०२७-२०३१ मा का लागि उपाध्यक्ष दिपक खतिवडाको संयोजकत्वमा पेमा लामा र सरिला श्रेष्ठ सदस्य रहने गरि समिति निमार्ण गरेको छ ।

आपतकालिन समितिका सदस्य दिपक नारायण श्रेष्ठले दिएको राजिनिमा स्वीकृत गरी उनको स्थानमा दिपक खतिवडालाई मनोनयन गरेको छ ।

यस्तै, एन्फा अन्तर्गत स्थानिय सरकार तथा सरोकारवालाहरूसँगको सहकार्यमा न्युनतम ३ वटा महिला एकेडेमी, २ वटा पुरुष र ६ वटा क्लवहरूले सञ्चालन गरेको एकेडेमी निरन्तर सञ्चालन गर्ने निर्णय गरेको छ ।

